आज मिति २०८२/०१/०७ गते आइतबारका दिन यस षडानन्द नगरपालिका, दिङ्गला, भोजपुरका नगर प्रमुख श्री सुरेन्द्र कुमार उदासज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको चौथो बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेन्द्र कुमार उदास | नगर प्रमुख | |
| २ | श्री प्रमिला राई | नगर उप-प्रमुख | |
| ३ | श्री मोहन प्रसाद थापागाई | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री डाकमान राई | नगर कार्यपालिका सदस्य | |
| ५ | श्री विष्णु प्रसाद घिमिरे | नगर कार्यपालिका सदस्य | |
| ६ | श्री साइ देम्बा राई | नगर कार्यपालिका सदस्य | |
| ७ | श्री राज कुमार तामाङ | नगर कार्यपालिका सदस्य | |
| ८ | श्री टेक बहादुर जि.सी | नगर कार्यपालिका सदस्य | |
| ९ | श्री सुमन विसुन्के | नगर कार्यपालिका सदस्य | |
| १० | श्री दिपेश विष्ट | नगर कार्यपालिका सदस्य | |
| ११ | श्री हेम कुमार श्रेष्ठ | का.वा. वडाअध्यक्ष | |
| १२ | श्री डिमा शेर्पा | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री पेम दोर्जी शेर्पा | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री भूपाल कुमार कार्की | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री राजेश कटुवाल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री पदम बहादुर तामाङ | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री झंक बहादुर रोका | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री मन्दिप रसाइली | नगर कार्यपालिका सदस्य | — |
| १९ | श्री रेखमान राई | नगर कार्यपालिका सदस्य | — |
| २० | श्री अरुणा थुलुङ राई | नगर कार्यपालिका सदस्य | — |
| २१ | श्री लिला कला राई | नगर कार्यपालिका सदस्य | — |
| २२ | श्री ममता राई | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री लमु शेर्पा | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री मइमाया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| २५ | श्री राजसागर याक्खा ले.प्र. | | |
| २६ | श्री [illegible] कु. लिम्बु अ.प्र.अ | | |
| २७ | श्री ज्योतिराज [illegible] प्रा.ले.प्र. | | |
| २८ | श्री केदार प्र. गुरागाई [illegible] | | |
| २९ | श्री रञ्जना कु. तिम्सिना प. | | |
| ३१ | श्री सन्तोष राई क.अ. | | |

प्रस्तावहरु

१. नवप्रवर्तन साझेदारी कोषमा आधारित कार्यक्रम सम्बन्धमा।

२. मेशिनरी औजार सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा।

३. जग्गा भू-वर्गीकरण सम्बन्धमा।

४. USW Fellow शिक्षक सम्बन्धमा।

५. कृषि जैविक विविधता संरक्षण, उपयोग तथा प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा।

६. लमुखोला खानेपानी सम्बन्धमा।

७. अरुण नदि कार्तिके पुलदेखी पुल बजारसम्म सडक स्तरोन्नती सम्बन्धमा।

८. मुन्दुम पदमार्ग परियोजना सम्बन्धमा।

९. बस पार्क जाने सडक सम्बन्धमा।

१०. लमु खोला खानेपानी आयोजना प्रदेश समपुरक योजना प्रस्ताव सम्बन्धमा।

११. दिङ्ला ढाँडगाँउ सत्तल सडक सम्बन्धमा।

१२. षडानन्द नगरपालिका वडा नं. १३ र १४ न्यीप सडक स्तरोन्नती सम्बन्धमा।

१३. भिर थाप्ला पातल सडक न्यीप डिपिआर सम्बन्धमा।

१४. कुदाककाउले खरवारी दिङ्ला धनसिङ्गे डाँडा नखुवा खोला सडक सम्बन्धमा।

१५. कर्मचारी सरुवा सम्बन्धमा।

१६. आर्थिक सहयोग सम्बन्धमा।

१७. खार्डेप कुलो मर्मत सम्बन्धमा।

CamScanner

निर्णयहरु

निर्णय नं. १ माथि छलफल गर्दा नवप्रवर्तन साझेदारी कोषमा आधारित कार्यक्रमका लागि षडानन्द नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सूचना प्रविधिमा आधारित (IT) शिक्षा तथा प्राविधिकधार कृषि विषयमा अध्ययनरत विद्यार्थीहरुलाई केन्द्रित गरी सिकाइ परिणाम अभिवृद्धीका लागि डिजिटल साक्षरता सुधार, प्रविधिमा आधारित व्यहवारिक सिप तथा आय शिक्षाको विस्तार सम्बन्धी साझेदारी कोष मार्फत नव प्रवर्दन कार्यक्रमको प्रस्तावनामा २०% लागत साझेदारिता सुनिश्चितता सहित सम्बन्धित निकायमा पेश गर्ने साथै उक्त कार्यक्रम कार्यन्वयन गर्न नगर प्रमुखज्यूको संयोजकत्वमा निर्देशक समिति, उपमेयरज्यूको संयोजकत्वमा अनुगमन समिति तथा प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्व कार्यान्वयन समिति गठन गर्ने र कार्यक्रमको फोकल पर्सन शिक्षा शाखा प्रमुखलाई तोक्ने।

निर्णय नं. २ माथि छलफल गर्दा मेशिनरी औजार सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ संशोधन सहित पास गर्ने।

निर्णय नं. ३ माथि छलफल गर्दा भू- वर्गीकरणको कार्य गर्दा, नयाँ कित्ता काट भएका, जग्गा वर्गीकरणमा नपरेका, कृषी हुनुपर्नेमा आवासीय भएका, आवासिय हुनु पर्नेमा कृषि भएका जग्गाहरुको विवरण जग्गा धनीहरुको माग र आवश्यकता वमोजिम नभएको भनि मिति २०८२ बैशाख ७ गतेको कार्यपालिका बैठक भन्दा अगाढी पेश भएका निवेदनहरुको माग वमोजिम सम्बन्धित निकायमा जग्गाको रजिस्ट्रेशन लगायतका कार्यको लागि संशोधन/समावेश गर्न सिफारिस गर्ने।

निर्णय नं. ४ माथि छलफल गर्दा UWS Fellow शिक्षक हरेक वडा भित्र रहेको मुख्य विद्यालयहरुमा १/१ जना फेलो शिक्षक नगरपालिका र UWS सँग साझेदारीमा उपलब्ध गराउने। षडानन्द माद्यमिक विद्यालयमा शिक्षक दरबन्दी संख्या न्यून रहेकाले थप साथी शिक्षकको लागि UWS नेपालसँग समन्वय गरि उपलब्ध गराउने तथा फेलो शिक्षक कार्यन्वयन कार्यविधि, २०८२ पास गर्ने।

निर्णय नं. ५ माथि छलफल गर्दा कृषी जैविक विविधता संरक्षण, उपयोग तथा प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ संशोधन सहित पास गर्ने।

निर्णय नं. ६ माथि छलफल गर्दा लमु खोला खानेपानी आयोजनामा आयोजनाको मूल भएको वडा नं. ९ का बासिन्दाहरुबाट आएको विवाद समाधान गर्नका लागि नगर प्रमुखज्यू, उप-प्रमुखज्यू साथै सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरु तत्काल स्थलगत रुपमा अनुगमन गरी उक्त समस्या समाधान गर्न र ठेक्का प्रकृयाबाट ठेक्का अंकमा उल्लेख भएको रकम वाहेक बाँकी रकम सोही योजनाको षडानन्द नगरपालिका वडा नं. ४ र ८ मा बाँकी रहेको खानेपानी पाइप, लाइन, धारा फिटिङ्ग र अन्य पूर्वाधार निर्माणमा खर्च गर्ने र षडानन्द

CamScanner

नगरपालिका दिङ्ला बजार र आसपासका टोलहरुमा कोशी प्रदेश सरकार खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भोजपुरबाट निर्माणधीन केउरेनीपानी खानेपानी आयोजनाबाट दिङ्ला बजार र गढीगाँउको लागि RT निर्माण भएको र अधिकांश घरधुरीहरुमा खानेपानी वितरण भइसकेको तर उक्त आयोजनाको पानी श्रोत कम भई उक्त स्थानहरुमा खानेपानीको अभाव सिर्जना भएकाले खानेपानी आयोजना तथा सरसफाई डिभिजन कार्यालय भोजपुरसँग समन्वय गरि दिङ्ला बजार र गढीगाँउका लागि निर्माण भएको RT मा लमु खोला खानेपानी आयोजनाको पानी थप गरि खानेपानी उपलब्ध गराउने ।

निर्णय नं. ७ माथि छलफल गर्दा अरुण नदि कार्तिके मोटरेवल पुल देखि पुल बजारसम्म नगरपालिका, सिसुवा खोलामा सञ्चालित गुराँस हाइड्रोपावर र इर्खुवा खोला हाइड्रोपावरसँग आवश्यक समन्वय गरी सडक स्तरोन्नती गर्न र मेशिनरी औजार आवश्यक भएमा नगरपालिकामा भएका साधनहरुको प्रयोग गर्ने ।

निर्णय नं. ८ माथि छलफल गर्दा मन्दुम पदमार्ग परियोजना कार्यन्वयनको लागि उक्त परियोजनासँग यस नगरपालिकाको दायित्वमा रहेको १८ प्रतिशत रकम रु. ४,४६,७००।–(अक्षरेपी चार लाख छयालिस हजार सात सय रुपैया) मात्र आगामी आ.व. ०८२/०८३ मा साझेदारी गर्ने ।

निर्णय नं. ९ माथि छलफल गर्दा षडानन्द नगरपालिका ७ स्थित रहेको नारायण धारा देखी बस पार्क जाने बाटो नगरपालिकाको मेशिनरी औजारहरु प्रयोग गर्ने तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कार्यस्थलमा आधारीत सिप विकास तालिम लिइ रहेका श्रमिकहरुलाई आवश्यक पर्ने सामाग्री उपलब्ध गराई तत्काल सडक स्तरोन्नती गर्ने ।

निर्णय नं. १० माथि छलफल गर्दा यस नगरपालिकाबाट सञ्चालित क्रममागत लमुखोला श्यामखोला खानेपानी तथा सरसफाई आयोजना षडानन्द नगरपालिका वडा नं. ४,५,६,७,८ र ९ कोशी प्रदेश सरकारको प्रदेश समपुरक योजनामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. ११ माथि छलफल गर्दा दिङ्ला ढाँडगाँउ सत्तल सडकको ढाँडगाँउ क्षेत्रमा पानीको कारणले सडक अवरुद्ध भएकाले उक्त स्थानमा वडा नं. ८ र १० को जनताहरुको श्रमदान र पालिकाको मेशिन औजार प्रयोग गरी सडक मर्मत गर्ने ।

निर्णय नं. विविध (क) माथि छलफल गर्दा षडानन्द नगरपालिका १३ र १४ न्र्याप सडकस्तरोन्ती गर्नका लागि श्रमदानबाट गर्न नसकिने काममा नगरपालिकाको स्वमित्वमा रहेको ब्याक हो लोडर प्रयोग गर्ने र अन्य निर्माण कार्य वापत प्राविधिक लागत अनुमान अनुसार रु २,००,०००।–(अक्षरेपी दुइ लाख रुपैया) वरावरको बजेट उपलब्ध गराइ निर्माण सम्पन्न गर्ने ।

निर्णय नं. विविध (ख) माथि छलफल गर्दा भिर थाप्ला पातल न्र्याप सडक डिपिआरका लागि सम्बन्धित निकायमा माग गर्ने ।

CamScanner

निर्णय नं. विविध (ग) माथि छलफल गर्दा प्रदेश समपुरक बजेटको कुदाककाउले खरवारी दिङ्ला धनसिङ्गे डाँडा नखुवा सडक दोस्रो विद्युतीय ठेक्का प्रकृयाबाट बाँकी रहेको रकमबाट सोही सडक खण्डको वडा नं. ३ र ४ मा प्राविधिक लागत अनुमान तयार गरी सम्पन्न गर्ने ।

निर्णय नं. विविध (घ) माथि छलफल गर्दा षडानन्द नगरपालिकाको कार्यालय कार्यरत हे. अ. श्री इफत आरा ना. प. से. प्रा. श्री सुदिप प्रसाद यादव र ना. प. से. प्रा. श्री रोमन चौधरी थारुलाई कोशी प्रदेशको स्थानीय सेवाको गठन सञ्चालन र व्यवस्था गर्न बनेको ऐन ,२०८० को दफा २४ को उपदफा ४ बमोजिमको नियम अनुसार निजहरुको स्वास्थ्यमा समस्या भएकाले निजहरुको २ वर्ष पुरा नभए पनि सरुवा सहमती दिने ।

निर्णय नं. विविध (ङ) माथि छलफल गर्दा षडानन्द नगरपालिका ५ बस्ने विक्रम राई प्रेसरले ढली उपचार गर्नका लागि निजको आर्थिक अवस्था अति कमजोर भएकाले निजलाई रु. १५,०००।–(अक्षरेपी पन्ध्र हजार रुपैया) मात्र आर्थिक सहायता वापत रकम उपलब्ध गराउने ।

निर्णय नं. विविध (च) माथि छलफल गर्दा षडानन्द नगरपालिका वडा नं. १४ मा सञ्चालित खार्डेप सिँचाई कुलोमा बाढी पहिरो गई सञ्चालन अवरोध भएकाले उक्त कुलो मर्मत गर्ने ।